अनुसूची २

(दफा ४ तथा अनसूची(१) को भाग(२) साग सम्बन्धित)

# जनकपुरधाम उपमहानगरपालिका

## स्थानीय राजपत्र

खण्डः १ संख्याः १६ मितिः २०७५/१२/०४

भाग-२

जनकपुरधाम उपमहानगरपालिकाको

# बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५

आज्ञाले,

प्रदिप शाह

नि.प्रमुख प्रशासकीय अधिकृत

# पृष्ठभूमि :

आगलागी नियन्त्रणको लागि आवश्यक यन्त्र, उपकरणको व्यवस्था गरी नगर तथा ग्रामीण क्षेत्रमा समेत सेवा प्रदान गर्नुपर्ने अवस्थामा उपमहानगरपालिकामा रहेका बारुणयन्त्र तथा आवश्यक उपकरण र सोको लागि लाग्ने जनशक्तिको व्यवस्थापनमा गाउँ बिकास समिति, जिल्ला विकास समिति र निजी क्षेत्र तथा नागरिक समाज समेतको सहभागिता सुनिश्चित गरी उपमहानगरपालिकामा बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन कार्यविधिको आधारमा बारुणयन्त्र सञ्चालन र व्यवस्थापनको लागि स्थानीय समन्वय समिति गठन गरी बारुणयन्त्र सञ्चालनको व्यवस्था भरपर्दो र विश्वसनीय बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) (न) बमोजिम स्थानीय सरकारको दायित्व भित्र पर्ने विपद् व्यवस्थापन पूर्व तयारी अन्तर्गत बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ तर्जुमा गरी लागू गरिएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम “बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

## २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

ख) “नियमावली” भन्नाले स्थानीय सरकार सञ्चालन नियमावली, २०७४ लाई सम्झनु पर्छ ।

ग) “उपमहानगरपालिका” भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा ४ बमोजिम उपमहानगरपालिकालाई सम्झनु पर्छ ।

घ) “बारुण यन्त्र” भन्नाले आगलागी नियन्त्रणको लागी प्रयोगमा ल्याइने मेशिनरी उपकरणलाई सम्झनु पर्छ ।

ङ) “स्थानीय समन्वय समिति” भन्नाले उपमहानगरपालिका स्तरमा बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि बुँदा नं. ५ (२) बमोजिम गठित समन्वय समिति सम्झनु पर्छ ।

च) “अनुदान” भन्नाले नेपाल सरकारबाट स्थानीय सरकार (उपमहानगरपालिका) लाई उपलब्ध हुने निःशर्त तथा सशर्त अनुदानको रकम समेत सम्झनु पर्छ ।

छ) “गैर सरकारी संस्था” भन्नाले स्थानीय तहको समग्र विकासमा ठोस योगदान पुर्‍याउन निश्चित लक्ष्य र उद्देश्य राखी प्रचलित कानुन बमोजिम दर्ता भई स्थानीय उपमहानगरपालिकासँग समन्वय राखी कार्य गरीरहेका नाफारहित संघ/संस्थाहरु सम्झनु पर्छ ।

ज) “मन्त्रालय” भन्नाले नेपाल सरकारको संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई सम्झनु पर्छ ।

## ३. कार्यविधिको उद्देश्य

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

क) वारुणयन्त्र सञ्चालनको जिम्मेवारी विश्वसनीय र भरपर्दो रुपमा निर्वाह गर्ने,

ख) आगलागी नियन्त्रणको लागि सम्बन्धित तथा छिमेकी जिल्लाका गाउँपालिका र नगरपालिका क्षेत्रमा बारुणयन्त्र उपलब्ध गराउने ।

ग) बारुणयन्त्र सञ्चालनको लागि दुई वा दुई भन्दा बढी नगरपालिका वा गाउँपालिका सम्बन्धित तथा छिमेकी जिल्ला समन्वय समितिहरुको सहयोग, सहकार्य तथा लगानी ( श्रोत तथा खर्च व्यवस्थापन) सहज तुल्याउने ।

घ) बारुणयन्त्र सञ्चालनको लागि स्रोत व्यवस्था, नियमित मर्मत संभार र सेवा प्रवाह प्रभावकारी बनाउने ।

ङ) बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापनमा निजी क्षेत्र तथा समुदायको सहभागिता अभिबृद्धि गर्ने ।

## ४. कार्यक्षेत्र

जनकपुरधाम उपमहानगरपालिकाको अगुवाइमा धनुषा जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिकाहरूका साथै आवश्यकताअनुसार छिमेकी जिल्लामा पनि आगलागीको बखतमा आगलागी नियन्त्रण गर्ने, बारुणयन्त्रको व्यवस्थापन, सञ्चालन, मर्मत संभार गर्ने कार्य सम्म मात्र यस कार्यविधिको कार्यक्षेत्र हुनेछ ।

## ५. बारुणयन्त्र सेवा सञ्चालन तथा व्यवस्थापन

१) जनकपुरधाम उपमहानगरपालिकाबाट बारुणयन्त्र सेवा सञ्चालन तथा व्यवस्थापन गरिनेछ । त्यस्तो सेवा देहायमा लेखिए बमोजिम सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

क) बारुणयन्त्र सेवा सञ्चालन तथा व्यवस्थापनका लागि एक कोषको व्यवस्था गरिने र उक्त कोषमा धनुषा जिल्ला समन्वय समिति तथा उपमहानगरपालिकाबाट वार्षिकरूपमा बजेट विनियोजन गरी उपलब्ध गराइने छ ।

ख) छिमेकी मित्र राष्ट्र एवं अन्य देश तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुबाट सहायता स्वरुप उपलब्ध हुने बारुणयन्त्र नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सहमतिमा प्राप्त गरी सञ्चालनको व्यवस्थापन गरिने छ ।

ग) बारणयन्त्र सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यकीय पर्याप्त पूर्वाधार व्यवस्था नहुञ्जेल सम्मका लागि हाल उपमहानगरपालिकामा रहेको कर्मचारीलाई बारुणयन्त्र सञ्चालन तथा आगलागी नियन्त्रण सम्बन्धी तालिम उपलब्ध गराई परिचालन गरिने छ । यसरी सञ्चालन गर्दा लाग्ने मर्मत सम्भार खर्च ईन्धन खर्च लगायतका अन्य आवश्यकीय खर्चहरू समितिको सिफारिसमा कोषबाट व्यहोरिने छ

।

२) आगलागी नियन्त्रणको लागि बारुणयन्त्रको व्यवस्थित, विश्वसनीय र प्रभावकारी प्रयोगको व्यवस्था मिलाउन स्थानीय स्तरमा देहाय बमोजिमको बारुणयन्त्र सेवा सञ्चालन तथा व्यवस्थापन समन्वय समिति गठन गरिनेछ ।

क) नगर प्रमुख -संयोजक

ख) साझेदारी गर्ने न.पा. प्रमुख/गा.पा. अध्यक्ष वा प्रतिनिधि -सदस्य

ग) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य

घ) जिल्ला/इलाका प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य

ङ) जिल्ला उद्योग बाणिज्य संघका अध्यक्ष -सदस्य

च) जनकपुरधाम उद्योग बाणिज्य संघका अध्यक्ष -सदस्य

छ) जिल्लास्थित सशस्त्र प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य

ज) नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाको सभापति -सदस्य

झ) गैसस महासंघको जिल्ला अध्यक्ष -सदस्य

ञ) नेपाल पत्रकार महासंघको जिल्ला सभापति -सदस्य

ट) न.पा.को प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधि -सदस्य सचिव

(२) बुँदा ३ बमोजिमको सेवा प्रवाह भएको कुरा सनिश्चित गर्न र आगलागी नियन्त्रणको लागि आवश्यक निर्देशन एवं सहजीकरण सम्बन्धी कार्य गर्न देहाय बमोजिमका एक निर्देशक समिति गठन गरिनेछ ।

नगर प्रमुख - संयोजक

जिल्ला समन्वय अधिकारी - संयोजक

सहायक प्रमुख जिल्ला अधिकारी - सदस्य

जिल्ला प्रहरी कार्यालयको प्रमुख - सदस्य

उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

३) समितिको बैठक २ महिनामा कम्तिमा १ पटक बस्ने छ । समितिले बैठकमा आवश्यक ठानेका अन्य प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सक्नेछ ।

४) उपमहानगरपालिकाले बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापनको लागि स्थानीय समन्वय

समितिको समन्वय र परामर्शमा बार्षिक बजेट तथा कार्यक्रम बनाइने छ ।

## ६. स्थानीय समन्वय समितिको काम, कर्तव्य र अधिकार

बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन गर्ने शिलशिलामा स्थानीय समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापनको लागि वार्षीक वजेट तथा कार्यक्रम बनाउन उपमहानगरपालिकालाई सहयोग गर्ने,

ख) बारुणयन्त्र सञ्चालनको लागि सम्बन्धित तथा छिमेकी जिल्ला समन्वय समिति, नगरपालिका, गाउँपालिका र जिल्ला तथा नगर उद्योग वाणिज्य संघसंग समन्वय गरी श्रोत व्यस्थापन गर्ने,

ग) बारुणयन्त्रको प्रयोग र परिचालनलाई प्रभावकारी बनाउन समय समयमा पूर्व प्राविधिक परीक्षण गराउने,

घ) बारुणयन्त्रको प्रयोग आगलागी नियन्त्रण कार्यको लागि मात्र गर्ने,

ङ) बारुण यन्त्र सञ्चालनको लागि सुरक्षाको आवश्यकता महशुस भएमा सुरक्षा निकायसँग समन्वय गर्ने,

च) स्थानीय आवश्यकता र औचित्यको आधारमा बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापनको लागि सेवा शुल्क निर्धारण गर्ने,

छ) बारुणयन्त्र मर्मतसंभार, उपयोग र व्यवस्थापन सम्बन्धमा ५(२) क अनुसारको निर्देशक समितिको समेत राय लिई आवश्यकता अनुसार उपयुक्त निर्णय लिने ।

## ७. निर्देशक समितिको काम, कर्तव्य र अधिकार

क) निर्देशक समितिले निर्णय गरी बारुणयन्त्र उपमहानगरपालिका, प्रहरी युनिट र जिल्ला आपत्कालिन कार्यसञ्चालन केन्द्रको पायक पर्ने स्थानमा राखी सम्बन्धित उपमहानगरपालिकाले पुर्वाधार निर्माण र सञ्चालन गर्ने गरी व्यवस्थापन गर्न सक्नेछ ।

ख) प्रहरी युनिटमा राखी बारुणयन्त्र सञ्चालन गर्दा उपमहानगरपालिकाबाट खटिने कर्मचारी र प्रहरी कर्मचारी बीचको सम्बन्ध सुमधुर बनाउन समितिले आचारसंहिता बनाई लागू गर्नुपर्नेछ ।

ग) बारुणयन्त्र मर्मतसंभार, उपयोग र व्यवस्थापन सम्बन्धमा आवश्यकता अनुसार स्थानिय समन्वय समितिलाई सुझाव दिने ।

## ८. सरोकारवाला निकायको भूमिका

बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन गर्ने शिलशिलामा सरोकारवाला निकायहरुको भूमिका र जिम्मेवारी देहाय बमोजिम हुने छ ।

क) बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापनको लागि नैतिक, भौतिक तथा आर्थिक सहयोग उपलब्ध गराउने ।

ख) बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन गर्नको लागि जिल्ला प्रशसन कार्यालयबाट उपमहानगरपालिकाको माग बमोजिम आवश्यक सुरक्षा र समन्वयको प्रवन्ध मिलाउनु पर्नेछ ।

ग) स्थानीय समन्वय समितिको शिफारिश बमोजिम उद्योग वाणिज्य संघबाट आर्थिक श्रोत

जुटाउने तथा निजीक्षेत्र एवं नागरिक समाजको सहयोगको प्रवन्ध मिलाउनु पर्ने छ ।

## ९. कोष व्यवस्थापन

१) उपमहानगरपालिकाको प्रकोप व्यवस्थापन विशेष कोष अर्न्तगत बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन कोष रहनेछ । जसमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ ।

क) नेपाल सरकारवाट बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापनको लागि उपलव्ध अनुदान रकम,

ख) उपमहानगरपालिकाबाट बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापनको लागि विनियोजित रकम,

ग) सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिबाट उपलव्ध हुने अनुदान रकम,

घ) बारुणयन्त्र सेवा सञ्चालन गर्न सकिने सम्बन्धित तथा छिमेकी जिल्ला समन्वय समिति, नगरपालिका र गाउँपालिकाबाट उपलव्ध रकम,

ङ) बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापनको लागि सम्बन्धित तथा छिमेकी जिल्लाका जिल्ला तथा नगर उद्योग बाणिज्य संघहरुबाट उपलव्ध रकम,

च) बारुणयन्त्र खरिद, सञ्चालन तथा व्यवस्थापनको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ/संस्था, चन्दादाता तथा स्वयंसेवीहरुबाट उपलव्ध रकम

छ) सेवा शुल्क वापत उठेको रकम,

२) कोष सञ्चालन गर्न कोषमा भएको आम्दानी ,कोषबाट भएको यथार्थ खर्च र मौज्दात रकम तथा खाता सञ्चालन र लेखा व्यवस्थापन उपमहानगरपालिकाको प्रचलित कानुन बमोजिम हुनेछ ।

३) कोषबाट बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन, नियमित मर्मत/संभार, बारुणयन्त्र सेवा तर्फ कार्यरत कर्मचारीको तलव, भत्ता तथा अन्य सुविधा र आगलागी नियन्त्रणका लागि आवश्यक अन्य सामाग्रीहरु खरीद तथा मर्मत संभारमा मात्र खर्च गर्न सकिनेछ ।

४) आर्थिक बर्षको अन्तमा खर्च नभइ बाँकी रहेको मौज्दात रकम फ्रिज नभइ सोही कोषमा नै ट्रान्सफर गरी राखिनेछ ।

## १०. जनशक्ति व्यवस्थापन

१) उपमहानगरपालिकामा बारुणयन्त्र तर्फ कार्यरत जनशक्तिको क्षमता विकासका लागि नियमित प्रशिक्षण एवं अध्ययन तथा अवलोकन भ्रमणको व्यवस्था उपमहानगरपालिकाले मिलाउनु पर्नेछ ।

२) आगलागी नियन्त्रणका लागि बारुणयन्त्र सञ्चालनमा कार्यरत जनशक्तिको सुरक्षालाई मध्यनजर गरी प्रति कर्मचारी रु. १० लाखसम्मको दुर्घटना बीमा गर्न सकिनेछ ।

३) उपमहानगरपालिकामा बारुणयन्त्र तर्फ कर्मचारी भर्ना गर्दा उपमहानगरपालिकालाई दीर्घकालीन दायित्व सृजना नहुने गरी करार सेवामा सेवा करार गरी लिइने छ । तर यस

अघि नियुक्त भई कार्यरत कर्मचारीको हकमा यस प्रावधानले कुनै असर पार्ने छैन ।

४) बारुणयन्त्र तर्फ काम गर्ने कर्मचारीहरुलाई दिने सेवा सुविधा र काम गर्ने समय करारनामामा तोकिए बमोजिम हुने छ ।

५) बारुणयन्त्र अत्यावश्यक सेवा भित्र पर्ने भएको र बारुणयन्त्र सञ्चालनको लागि प्राविधिक क्षमताको आवश्यकता पर्ने भएकोले कर्मचारीको व्यवस्थापन गर्दा न्युनतम जनशक्तिको व्यवस्थालाई मध्यनजर गरी अनावश्यक तथा बोझिलो खर्च नपर्ने गरी जनशक्ति व्यवस्थापन उपमहानगरपालिकाले गर्ने छ ।

६) आगलागी नियन्त्रणको कार्य ज्यादै नै संवेदनशील भएकोले बारुणयन्त्र सेवातर्फ कार्यरत जनशक्तिको कर्तव्य पालना र अनुशासनलाई विशेष ध्यान दिईनेछ । अनुशासनको पालना नभएको पाइएमा संक्षिप्त कार्यविधि अवलम्बन गरी कसुरको मात्रा अनुसार सेवाबाट बर्खास्त गर्ने सम्मका कारवाहीहरु उपमहानगरपालिकाबाट तत्काल गरिनेछ ।

## ११. गलत सूचना दिने व्यक्तिलाई हुने सजाय

आगलागी भएको भनी गलत सूचना दिने व्यक्ति र बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन कार्यमा अवरोध पुर्‍याउने व्यक्तिलाई ऐनको दफा १६५(५) बमोजिम उपमहानगरपालिकाले एकहजार रुपैयाँसम्म जरिबाना गर्न सक्ने छ । पुनः त्यस्तो कसुर सोही व्यक्तिले गरेमा पटकै पिच्छे दोब्बर जरिवाना गर्न सकिने छ यस्तो जरिवानाको रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

## १२. लेखा परीक्षण

बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन कोषको आन्तरिक लेखा परिक्षण सम्बन्धित उपमहानगरपालिकाको आन्तरिक लेखा परीक्षण गर्ने कर्मचारीबाट र अन्तिम लेखापरीक्षण प्रचलित कानून बमोजिम दर्तावाल लेखापरिक्षकबाट गरिनेछ ।

## १३. समिक्षा एवं प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्था

जनकपुरधाम उपमहानगरपालिकाले बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी क्रियाकलापहरुको समीक्षा एवं प्रतिवेदन उपमहानगरपालिका अनुदान सञ्चालन कार्यविधि बमोजिम गरिनेछ ।

## १४. थपघट र हेरफेर

यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अबरोध आएमा बाधा अड्चन फुकाउने प्रयोजनका लागि स्थानीय समन्वय समितिको सिफारिसमा जनकपुरधाम उपमानगरकार्यपालिकाले आवश्यकता अनुसार थपघट, संशोधन र हेरफेर गर्न सक्नेछ ।

## १५. खारेजी र बचाउ

यसपूर्व बारुणयन्त्र सञ्चालनका लागि उपमहानगरपालिकाबाट भए गरेका सम्पूर्ण काम कारबाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ । यस कार्यविधिमा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित ऐन नियम बमोजिम हुनेछ ।